नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर खतिवडाद्वारा मौद्रिक नीतिको मध्यावधि समीक्षा सार्वजनिक

गभर्नर डा. युवराज खतिवडाले आर्थिक वर्ष २०६९/७० को मौद्रिक नीतिको मध्यावधि समीक्षा आज फागुन ९ गते सार्वजनिक गर्नुभयो। दिगो आर्थिक वृद्धिको लागि मूल्य स्थिरता, बाह्य तथा वित्तीय क्षेत्र स्थायित्व र सर्वसाधारणमा वित्तीय पहुँच अभिवृद्धिका लागि वित्तीय प्रणालीको सम्वर्द्धन लगायतका प्रमुख उद्देश्यहरु राखी चालु आर्थिक वर्षको मौद्रिक नीति २०६९ साउन १० गते सार्वजनिक गरिएको थियो।



समीक्षा सार्वजनिक गर्दै गभर्नर डा. खतिवडाले यस आर्थिक वर्षको मौद्रिक नीति कार्यान्वयनमा आएपश्चात्को ६ महिनाको अवधिमा निजी क्षेत्रतर्फको कर्जा उल्लेख्य रुपमा बढेको, शोधनान्तर स्थिति बचतमा रहेको र विदेशी विनिमय सञ्चिति सन्तोषजनक अवस्थामा रहेको, मूल्य वृद्धिदर उच्च रहे पनि पछिल्लो समयमा मूल्य वृद्धिको चाप कम हुँदै गएको, शेयर बजारमा सुधार आएको, वित्तीय परिसूचकहरुको स्थिति सन्तोषजनक रहे तापनि आर्थिक वृद्धिदर लक्ष्य भन्दा कम हुने लगायत मुलुकको आर्थिक, मौद्रिक स्थितिको सङ्क्षिप्त स्थिति प्रस्तुत गर्नुभएको थियो।

यस क्रममा उहाँले अपर्याप्त मनसुनी वर्षाका कारण यस वर्ष कृषि क्षेत्रको वृद्धिदर न्यून हुने देखिएको, राजनैतिक अस्थिरता, अपर्याप्त विद्युत आपूर्ति, पूँजीगत खर्चमा शिथिलता लगायतका विविध संरचनात्मक अवरोधहरुका कारण गैर-कृषि क्षेत्रको विस्तार समेत अपेक्षित रुपमा हुन नसक्ने देखिएको अनुमान प्रस्तुत गर्नुभयो। मुद्रास्फीतिदर ९.८ प्रतिशत रहेको, नेपाल सरकारको बजेट रु. ४४ अर्ब ६५ करोडले बचतमा रहेको, चालु आ.व. को ६ महिनासम्ममा रु. ६ अर्ब ७ करोड शोधनान्तर बचत रहेको, वस्तु निर्यात १०.२ प्रतिशतले र आयात २४.६ प्रतिशतको उच्च दरले बढेको, विप्रेषण आप्रवाह २१.८ प्रतिशतले बढेको, विदेशी विनिमय सञ्चिति रु. ४५० अर्ब पुगेको जसले १०.२ महिनाको वस्तु र ८.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने अवस्थामा रहेको जानकारी दिनुभयो।

कार्यक्रममा उहाँले वित्तीय र बाह्य क्षेत्र कार्यक्रमहरुको कार्यान्वयन स्थिति, विदेशी विनिमय व्यवस्थापन, लघुवित्त तथा वित्तीय पहुँच, मौद्रिक नीतिको कार्यदिशा तथा व्यवस्थापन लगायतका विषयमा प्रकाश पार्नुभएको थियो । उहाँले अर्थिक वर्ष २०६९/७० को मौद्रिक नीतिको हालसम्मको उपलब्धि र बाँकी अवधिको कार्यान्वयनबाट मुद्रास्फीतिदरमा केही कमी आउने, शोधनान्तर स्थिति सुदृढ रहने र बैंक तथा वित्तीय संस्थाहरुको सबलता एवम् सुशासनमा अभिवृद्धि भई वित्तीय स्थायित्व कायम हुने आशा व्यक्त गर्नुभयो । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार सम्बन्धी व्यवस्था, उत्पादनशील क्षेत्र कर्जा, पुनरकर्जा र विपन्नवर्ग कर्जा कार्यक्रमहरुबाट वित्तीय पहूँच अभिवृद्धि हुँदै जाने र उत्पादन, रोजगारी र निर्यात प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा प्रस्तुत गर्नुभएको थियो ।



लघुवित्त तथा वित्तीय पहुँचका सन्दर्भमा उहाँले सामूहिक जमानीमा प्रतिसमूह सदस्य रु. १ लाखसम्म र स्वीकारयोग्य धितोमा रु. ३ लाखसम्म लघुकर्जा प्रदान गर्न सकिने, नवीकरणीय ऊर्जा प्रविधि अन्तर्गत Solar Home Systems र Bio-gas प्रयोजनको लागि प्रति परिवार बढीमा ६० हजार रुपैयाँसम्म लघुकर्जा उपलब्ध गराउन सकिने व्यवस्था कार्यान्वयनमा ल्याइएको, समूहमा आवद्ध नभएका न्यून आय भएका व्यक्तिलाई धितो लिई बढीमा रु. ६० हजारसम्मको यस्तो कर्जा प्रदान गर्न सकिने, वित्तीय साक्षरतातर्फ जानकारीमूलक पुस्तिका प्रकाशन, सूचनामूलक सामाग्रीहरु प्रशारण गरिएको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा पत्रकारहरुले राखेका जिज्ञासाको प्रत्युत्तर दिने क्रममा गभर्नर खतिवडाले मौद्रिक नीतिको प्रभावकारिताका सम्बन्धमा स्पष्ट पार्नुहुँदै मुद्रास्फीतिको नियन्त्रण केवल मौद्रिक नीतिका उपकरणको कार्यान्वयनका साथै वित्तीय, संरचनात्मक र आयातिक मूल्यले समेत निर्धारण गर्ने भएकाले यी सबै पक्षको समन्वयकारी कार्यान्वयन हुनुपर्ने तर मौद्रिक नीतिका वित्तीय क्षेत्र स्थायित्व, वित्तीय पहुँच अभिवृद्धि जस्ता लक्ष्य क्रमशः हासिल भइरहेको स्पष्ट पार्नुभएको थियो ।

यस आर्थिक वर्षको मौद्रिक नीतिको मध्यावधि समीक्षाको पूर्ण पाठ तथा सारांश बैंकको वेवसाइट (www.nrb.org.np) मा उपलब्ध छ ।

२०६९ फागुन ९ गते, बुधवार

गभर्नरको कार्यालय